आज मिति २०७४।१।१६ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री वासुप्रसाद कोइराला ज्यू को अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, दार्चुलामा बसेको तदर्थ यातायात व्यवस्थापन समितिको बैठकमा तपसिलको उपस्थितिमा तपसिलका निर्णय गरियो ।

## उपस्थिती

प्र.जि.अ. श्री वासुप्रसाद कोइराला - जिल्ला प्रशासन कार्यालय
स्था.वि.अ. श्री सहदेव रायमाझी - जिल्ला समन्वय समितिको कार्यालय
प्र.ना.उ. श्री केदार खनाल - जिल्ला प्रहरी कार्यालय
प्र.अ.अ. श्री विरेन्द्र सिंह कार्की - राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
स.प्र.जि.अ. श्री हर्क बहादुर सिंह - जिल्ला प्रशासन कार्यालय
ई. दिनेश सिह रैखाला श्री- दार्चुला तिंकर सडक योजना
ई. श्री अर्जुन पौडेल - सडक डिभिजन कार्यालय, पाटन
का.अ. श्री सुशील पनेरु - महाकाली नगरपालिका कार्यालय
प्र.स.नि.श्री यज्ञराज पनेरु- अ.ट्रा.प्र. पोष्ट दार्चुला
अ.स.ई. श्री मोहन सिह कार्की - महाकाली नगरपालिका कार्यालय
संयोजक श्री मोहन देव पन्त - महाकाली सेती यातायात व्यवसाय समिति
प्रतिनिधि श्री लवदेव अवस्थी - महाकाली सेती यातायात बस व्यवसाय समिति
प्रतिनिधि श्री सर्पराज बडु - महाकाली सेती यातायात व्यवसाय समिति
प्रतिनिधि श्री महेन्द्र राज अवस्थी - पवनदूत यातायात व्यवसाय समिति
प्रतिनिधि श्री पूर्ण बहादुर बम - सुदूरपश्चिम यातायात व्यवसाय समिति
व्यवसायी ईन्द्र ब.बम - जीप व्यवसायी
ना०सु० श्री मान बहादुर खडायत - जिल्ला प्रशासन कार्यालय

निर्णयहरु :

१. दार्चुला जिल्लामा यातायात व्यवस्था कार्यालय नभएको संदर्भमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मंत्रालयको च.नं. २४ मिति २०७३।५।१० को पत्र एवं गृह मंत्रालय, (स्थानीय प्रशासन शाखा) को च.नं. ९९ मिति २०७३।५।१४ को पत्रबाट लेखिआए अनुसार गठन भएको तदर्थ यातायात व्यवस्थापन समितिको वैठकले मिति २०७३।१२।१५ गते गठन गरेको प्राविधिक समितिको प्रतिवेदन उपर छलफल गरि सो प्रतिवेदन अनुसार निम्न बमोजिमको अस्थायी बाटो निर्धारण गर्ने र सो बाटोमा चल्ने सवारी साधनको भाडा दर समेत निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल :

| सडकको नाम | सडकको किसिम | दूरी कि.मि. | प्रति कि.मि.भाडादर रु. | जम्मा भाडा दर | कैफियत |
|---|---|---|---|---|---|
| बिदुले – लटिनाथ – पारिगाउँ | कच्ची | १४ | ६।– | | |
| गोकुले – देथला – दल्लेख | " | ३२ | ६।– | | |
| बडगाउँ – दल्लेख | " | १९ | ६।– | | |
| मतोला – गौलभौजी – उकु | " | ९ | ६।– | | |
| बडगाउँ – श्रीकार | " | ६ | ६।– | | |
| श्रीकार – रातोकाठा | " | १ | ६।– | सवारी साधन नचल्ने – | |
| ~~रातोकाठा~~ तिमुरपाटा – गरमौरा | " | ११ | ६।– | | |

१. (क) श्रीकार देखि रातोकाठा हुँदै तिमुरपाटा सम्म कुनै पनि प्रकारको सवारी साधन सञ्चालनमा रोक लगाउने निर्णय गरियो,

१. (ख) यातायात सवारी साधन नयाँ रुपमा संचालन गर्दा दश वर्ष भित्रको मात्र चलाउन पाउने र पुरानो सवारी साधन चलाउन नपाउने र प्राविधिक समितिले पेश गरेको प्रतिवेदन लाई अनिवार्य रुपमा पालना गर्ने र कार्यान्वयन गर्न सबै सरोकारवालाहरु प्रतिवद्ध रहने निर्णय गरियो,

२. अस्थायी रुपमा निर्धारण गरिएको बाटोमा सवारी साधन संचालन गर्न ईच्छुक यातायात व्यवसायीले प्रचलित यातायात व्यवस्था सम्बन्धी ऐन र नियमावली बमोजिम आफ्नो र सवारी साधनको सम्पूर्ण विवरण खुलाई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा जेठ १० गते भित्र निवेदन गरि अनुमति लिन सम्पूर्ण यातायात व्यवसायीहरुलाई अनुरोध गर्ने ।

३. दार्चुला जिल्लाभित्र कुनै पनि सडक रुटमा सिन्डिकेट लागू नगर्ने र त्यस्तो गैर कानूनी क्रियाकलाप गर्न र गराउन कसैले पनि प्रोत्साहन नगर्ने निर्णय गरियो । सो निर्णय कार्यान्वयन गर्न यातायात व्यवसायीहरु प्रतिवद्ध रहने निर्णय गरियो ।

४. यातायात व्यवसायीहरुले जेठ १० गते पश्चात् अनिवार्यरुपमा यात्रुहरुलाई यात्रा स्थान र रकम उल्लेख गरि यात्रुहरुलाई टिकट दिने व्यवस्था गर्ने र प्रत्येक सवारी साधनमा भाडा दर सूची अनिवार्यरुपमा टाँस्ने र टाँस्न लगाउने निर्णय गरियो र सो कुरामा सम्पूर्ण यातायात व्यवसायीहरुबाट प्रतिवद्धता व्यक्त गरियो ।

५. फरक क्षमता भएका व्यक्ति, जेष्ठ नागरिक एवं विद्यार्थीहरुलाई परिचयपत्रका आधारमा नेपाल सरकारले तोकेको भाडा छूट अनिवार्य रुपमा दिने र लागु गर्ने निर्णय गरियो । साथै महिला, फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकहरुका लागि आरक्षण सिटको व्यवस्था अनिवार्यरुपमा गर्ने र सो कुरामा यातायात व्यवसायीहरु प्रतिवद्ध रहने निर्णय गरियो ।

६. आजको वैठकमा भएका निर्णयहरुको कार्यान्वयन नगर्ने यातायात व्यवसायीहरुको अस्थायी रुट अनुमती खारेज गरि सवारी साधन संचालनमा रोक लगाउने र प्रचलित कानून बमोजिम कारवाही गर्न हुने कुरामा सरोकारवाला सबै प्रतिवद्ध रहने निर्णय गरियो ।

७. आगामी जेठ ३१ गते हुन गईरहेको स्थानीय तहको निर्वाचनको संदर्भमा जथाभावी यात्रु चढाउने र ओराल्ने, अनुचित भाडा लिने, अनुमति भन्दा बढी यात्रु चढाउने लगायतका प्रवृति रोक्न यातायात व्यवसायी प्रतिवद्ध रहने, यात्रुहरुको ~~निजि~~ सामान्य मुटी झुण्टा र सरसामानको अलग्गै भाडा लिन पाईने छैन । साथै प्रहरी र ट्राफिक प्रहरीले संयुक्तरुपमा सोको अनुगमन गरि प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाउने निर्णय गरियो ।

८. यातायात सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले समय-समयमा दिएको निर्देशन पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ ।